# National News

## April 13, 2025

प्रमुख समाचार:

1) विदेश मंत्रालयले केन्द्र शासित प्रदेश जम्मू कश्मीरसित जुड़ेका कुनैपनि मामिलाबारे भारतको अड़ान लामो समय देखि कायम रहेको भनेको छ।

2) प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानलाई कड़ा संदेश दिदै भन्नुभएकोछ पाकिस्तानमा अब यस्तो कुनै ठाँउ छैन जहाँ आतंककारी ढुक्क भएर बस्न सकुन्।

3) केन्द्रिय माध्यमिक शिक्षा बोर्ड सिबिएसईले कक्षा 12 र कक्षा 10 का परिणामहरू घोषित गरेकोछ। उत्तीर्ण सबै विद्यार्थीहरूलाई प्रधानमंत्रीले बधाई दिनुभएकोछ।

4) दक्षिण पश्चिम मन्सून बंगालको दक्षिणी खाड़ी, दक्षिण अडमान सागर निकोबार द्वीप समूह र उत्तरी अडमान सागरका केही भागहरू तर्फ बढेकोछ।

नयाँ प्रधानमन्त्री – सम्बोधन

प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानलाई कड़ा संदेस दिदै भन्नुभएको छ, अब यस्तो कुनै ठाँउ छैन जहाँ आतंककारीहरू ढुक्क भएर बस्न सकुन्। उहाँले भन्नुभयो भारतसित आतंककारीहरूलाई उनीहरूकै घरमा पसेर सखाप पार्ने क्षमताछ।

श्री मोदीले यो कुरा पंजाबको आदमपुर वायुसेवा स्टेशनमा वायुसेनाका जवानहरूलाई सम्बोधित गर्दै भन्नुभयो।

अपरेशन सिन्दूरको सफलताको प्रशन्सा गर्दै प्रधानमन्त्रीले भन्नुभयो, भारतले पाकिस्तानमा नौ आतंकारी शिविरहरूलाई नष्ट पारेकोछ र एक सय भन्दा बढ़ि आतंककारीहरूलाई मारेकोछ। उहाँले भन्नुभयो जुन पाकिस्तानी सेवामाथि यो आतंककारीहरू निर्भर थिए त्यसलाई भारतीय सशस्त्र बलहरूले हराई दिएका छन्।

उहाँले अपरेशन सिन्दुर को बेला देशको रक्षा गर्ने सशस्त्र बलहरूको साहस, वीरता र कार्यकुशलताको प्रशन्सा गर्नुभयो। श्री मोदीले भन्नुभयो अपरेशन दिन्दूरले देशको मनोबल बढ़ाएकोछ, देशलाई एकताको सूत्रमा बाँधेकोछ र सीमाहरूको रक्षा गरेकोछ। उहाँले भन्नुभयो सशस्त्र बलहरूले देशको गौरवलाई नयाँ उँचाई दिएका छन् जो अभूतपूर्व, अकल्पनीय र असाधारण छ।

भारतीय सेवाले एक पटक फेरि इतिहास रचेका छन् उहाँले भन्नुभयो। अब देखि कुनैपनि आतंकी हमला एक्ट अफ वार हुनेछ, उहाँले भन्नुभयो। प्रधानमन्त्री मोदीले भन्नुभयो।

<u>तिरंगा यात्रा</u>

अपरेशन सिन्दूरबारे आज देखि एघार दिने राष्ट्रब्यापी सम्पर्क अभियान शुरू भएकोछ। मुख्य रूपले तिरंगा यात्रा नामको यो अभियानले, पिकास्तान विरूद्ध भारतीय सेनाको सफलतालाई जनता समक्ष पुर्याउनेछ। यसमा पर्व सैनिक, सामाजिक कार्यकर्ता, सामाजिक संगठन र भाजपाका प्रमुख नेताहरू शामेल हुनेछन्। 23 मई सम्म चल्ने यो अभियानमा भारतले पाकिस्तान र पाकिस्तानको कब्जा भएको जम्मू- कश्मीरमा आतंकी शिविरहरूलाई कसरी ध्वस्त गर्यो, त्योबारे बनाइनेछ।

<u>राजनाथ बैठक</u>

रक्षा मन्त्री राजनथ सिंहले आज नयाँ दिल्लीमा एक उच्च स्तरीय बैठकको बेला, भारतको पश्चिमी सीमामा सुरक्षा स्थितिको समीक्षा गर्नुभयो। बैठकमा प्रमुख रक्षा अध्यक्ष सिडिएस जनरल अनिल चौहान, नौसेना प्रमुख एडभिरल दिनेश के. त्रिपाठी, सेवा प्रमुख जनरल उपेन्द्र द्विवेदी तथा वायु सेवा 34 प्रमुख एयर मार्शल नमश्दिवर तिवारी शामेल हुनुहुन्थ्यो। यस बैठकमा रक्षा सचिव राजेश कुमार सिंह पनि उपस्थित हुनुहुन्थ्यो।

<u>रक्षा बजट</u>

देशको रक्षा बजट 2013 -14 मा दुई लाख 53 हजार करोड़ रूपियां देखि बढ़ेर 2025 -26 मा 6 लाख 81 हजार करोड़ रूपियाँ भएकोछ। रक्षा मन्त्रालयले एक सोशल मीडिया पोष्टमा भनेकोछ, रणनीतिक सुधारहरू, निजी क्षेत्रको भागीदारी र नवाचारले स्वदेशी विनिर्माणलाई बढ़ावा दिएको छ। यसले राष्ट्रीय सुरक्षा र आर्थिक विकासलाई पनि टेवा दिएकोछ।

## OPS सिन्दूर

रक्षा खुफिया एजेन्सीका महानिदेशक लेफ्टी जनरल D.S Rana ले 70 देशहरूलाई Operation Sindoor को सफल संचालनबारे जानकारी दिनुभएको छ।

उहाँले नयाँ युगको युद्धमा सैन्य श्रेष्ठताको माध्यमले प्रदर्सित देशको शक्ति तथा राष्ट्रीय संकल्पमाथि प्रकाश पार्नुभयो।

महानिदेशक राणाले विरोधीद्वारा चलाइएको भारत विरोधी दुष्प्रचार अभियान र क्षेत्रीय शान्ति तथा स्थिरतामा यसका प्रभावहरूको विश्वसनीय रेकर्ड पनि प्रस्तुत गर्नुभयो।

## प्रधानमन्त्री सिबिएसई परिणाम

प्रधानमन्त्री नरेन्द्र मोदीले सिबिएसईको कक्षा बाह्र र कक्षा सको परिक्षामा सफलता प्राप्त गर्ने सबै विद्यार्थीहरूलाई बधाई दिनुभएकोछ। एक सोशल मीडिया पोस्टमा उहाँले परीक्षा परिणाम विद्यार्थीहरूको संकल्प. अनुशासन र कड़ा मेहनतको परिचायक हो भन्नुभयो। श्री मोदीले भन्नुभयो, यस उपलब्धिमा आमा- बाबु, शिक्षक र अन्य मानिसहरूको पनि महत्वपूर्ण भूमिकाछ।

सफल हुन न सकेका छात्रहरूलाई सान्तवना दिंदै प्रधानमन्त्रीले भन्नुभयो, कुनैपनि एक परीक्षाले कुनै व्यक्तिलाई परिभाषित गर्न सक्तैन।

## उपराष्ट्रपति मेघालय

उपराष्ट्रपति जगदीप धनखड़ले पूर्वोत्तर राज्यहरू देशका लागि धेरै महत्वपूर्ण भएको बताउनुभएको छ । नयाँ दिल्लीमा गारो, खासी र जैतिया पहाड़ी क्षेत्रहरूको प्रतिनिधित्व गर्ने मेघालयका स्वंय सहायता समूहका सदस्यहरूसित भएको कुराकानीमा श्री धनखड़ले भन्नुभयो, मेघालयको सफल राज्य घरेलु उत्पादमा 13 प्रतिशतको वृद्धि भएकोछ। उहाँले Look East, Act East, नीतिका अन्तर्गत भएको प्रगतिबारे पनि बताउनुभयो।

## कात महोत्सव

78 कात फिल्म महोत्सव फ्रान्सको फ्रेन्च रिवेरामा आज राति देखि शुरू भई रहेकोछ। 12 दिनहरूसम्म चल्ने यस महोत्सवमा विश्वभरिका फिल्म निर्मित अभिनेता र सिनेमा प्रेमीहरू, अंतर्राष्ट्रीय सिनेमाका उपलब्धिहरूको प्रदर्शन गर्न एकसाथ आउनेछन्। यसवीच भारतकको महान फिल्म निर्मिता सत्यजीत रे को 1970 को क्लासिक फिल्म अपणोर दिन रात्रि प्रदर्शित गरिनेछ। निर्देशक नीरज यासवानको दोश्रो फीचर फिल्म होमबोर्ड लाई कात 2025 मा uncertain regard section का लागि चुनिएको छ।

## CII सेवानिवृत्ति

भारतका मुख्य न्यायाधीश संजीव खन्ना आज सेवानिवृत्त हुनुभएको छ। 10 नोभेम्बर 2024 का दिन उहाँले पदभार ग्रहण गर्नु भएको थियो।

## मौसम

दक्षिण पश्चिम मॉन्सून, बंगालको दक्षिणी खाड़ी दक्षिण अण्डमान सागर, निकोबार द्वीप समूह र उत्तरी अडमान सागरका केही भागहरू तर्फ बढ़ेको छ। निकोबार द्वीपमा पहिल्ला 24 घण्डामा मध्यम देखि मूसलाधार वर्षा भएको छ। विभागले निकाबार द्वीप समूह, अरूणाचल प्रदेश, आसम, त्रिपुरा, भीतरी कर्नाटक, केरल , माहे, रायलसीमा, पश्चिम बंगालका उप- हिमाली क्षेत्र तथा सिक्किममा अलग- अलग ठाँउहरूमा मूसलाधार पानी पर्ने आशंका व्यक्त गरेकोछ। पश्चिम बंगालका गागेय तथा उप- हिमालयी क्षेत्रहरूमा साथै झारखंडमा आगामी दुई दिनहरूमा अलग- अलग ठाउहरूमा लू चल्ने संभावनाछ।